यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क: ०६१–५३६४५५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक २५ ○श्रेणी 'क' ○२०७२ असोज २५ गते सोमबार ○ 12 Oct. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१०२२१६

३८औं प्रधानमन्त्रीमा ओली निर्वाचित

सानो मन्त्री मण्डलसहित सपथग्रहण आज, भारतद्वारा बधाई ज्ञापन र भ्रमणको निम्तो

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २४ असोज ।

सङ्घीय गणतन्त्र नेपालको नयाँ संविधान जारी भएपछि नेपालको नयाँ प्रधानमन्त्रीमा नेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओली निर्वाचित भएका छन् । उनले खसेको कुल मतमध्ये ओलीले ३३८ मत प्राप्त गर्नुभएको सभामुख सुवास नेम्वाङले घोषणा गरे । मतदानमा ५८७ जना सांसद उपस्थित थिए । यस्तै अर्का उम्मेदवार नेपाली काँग्रेसका सभापति सुशील कोइरालाले २४९ मत प्राप्त गरेका छन् । एकीकृत नेकपा(माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल प्रस्तावक र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापालगायत दलहरूको समर्थनमा ओली मुलुकको ३८औं प्रधानमन्त्रीमा निर्वाचित भएका हुन् । ओलीको पक्षमा नेकपा (एमाले)का १८३ सांसद, एकीकृत नेकपा (माओवादी)का ८३, राप्रपा नेपालका २५, मधेसी जनअधिकार फोरम नेपाल(लोकतान्त्रिक)का १४ संसदले मतदान गरेका थिए । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीको १२, नेकपा (माले) ५, राष्ट्रिय जनमोर्चाको ३, नेपाल परिवार दलका दुई, राष्ट्रिय जनमुक्ति पार्टी लोकतान्त्रिकका दुई बहुजनशक्ति पार्टी एक, मधेस समता पार्टी नेपालका एक, नेपा: राष्ट्रिय पार्टी, नेकपा (संयुक्त)का तीन सांसदले पनि ओलीलाई मतदान गरेका थिए । नेकपा (एमाले)का तर्फबाट झापा क्षेत्र नं ७ बाट संविधान सभाको दोस्रो निर्वाचनमा निर्वाचित हुनुभएका ६४ वर्षीय ओली नयाँ संविधान घोषणा भएको २१ दिनपछि प्रधानमन्त्रीमा चयन भएका हुन् । एमाले, एमाओवादी र मधेसी जनअधिकार फोरम(लोकतान्त्रिक) बीच आइतबार नै आठ बुँदे सहमति भएको थियो ।

यसैबीच प्रधानमन्त्रीमा निर्वाचित भएका नेकपा (एमाले)का अध्यक्ष तथा संसदीय दलका नेता केपी शर्मा ओलीले सबै पार्टीसँग मिलेर अघि बढ्ने बताएका छन् । प्रधानमन्त्रीमा निर्वाचित भएलगत्तै आज व्यवस्थापिका-संसद् भवन नयाँबानेश्वरमा सञ्चारकर्मीलाई प्रतिक्रिया दिंदै नवनिर्वाचित प्रधानमन्त्री ओलीले सबै पार्टीसँग मिलेर सबैको साथ समर्थन जुटाएर अगाडि बढ्ने सोच बनाएको जानकारी दिए । प्रधानमन्त्रीको निर्वाचनमा एमालेले संसद्को विश्वास प्राप्त गरेको बताउँदै उनले आफूलाई निर्वाचनमा विजयी बनाउन मतदान गर्ने एकीकृत नेकपा (माओवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत सबैलाई धन्यवाद दिए । उनले भने-"नयाँ जिम्मेवीलाई अवसर, सम्मान र चुनौतीको रुपमा लिएको छु ।" संविधानको कार्यान्वयन, भूकम्प पछिको पुन: निर्माण र अघोषित नाकाबन्दीको कारण आपूर्ति व्यवस्थामा भइरहेको कठिनाइ समाधान गर्ने विषय प्राथमिकतामा रहेको उनको धारणा थियो । देशको विकास निर्माण लाई अगाडि बढाएर समृद्धितर्फको यात्रालाई तीव्रताका साथ अगाडि बढाउने बताँउदै नवनिर्वाचित प्रधानमन्त्री ओलीले शान्ति सुव्यवस्था कायम गर्ने र त्यससँगै विभिन्न रचनात्मक कामका साथ देशलाई अगाडि बढाउने कुरामा आफ्नो ध्यान जाने विश्वास दिलाए । उनले सबैलाई सँगै लिएर जाने आफनो उद्देश्य रहेको स्पष्ट पारे ।

यसैबीच नेकपा (एमाले) का अध्यक्ष एवम् संसदीय दलका नेता केपी शर्मा ओली प्रधानमन्त्रीमा निर्वाचित भएकामा भारतका प्रधानमन्त्री नरेन्द्रदामोदरदास मोदीले हार्दिक बधाई ज्ञापन गर्दै शुभकामना व्यक्त गरेका छन् ।

ओली प्रधानमन्त्रीमा निर्वाचित हुनेबित्तिकै टेलिफोन गरेर प्रधानमन्त्री मोदीले बधाई ज्ञापन गर्दै भारत भ्रमणका लागि आमन्त्रण गरेको नेकपा (एमाले)का सचिव प्रदीप ज्ञवालीले बताए । त्यस अवसरमा दुई प्रधानमन्त्रीबीच नेपाल र भारतबीचको सम्बन्धलाई अझ प्रगाढ तुल्याउने तथा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)लाई थप गतिशील पार्ने बारेमा विचार-विमर्श भएको जानकारी पनि सचिव ज्ञवालीले दिए । यसैबीच प्रधानमन्त्रीमा निर्वाचित आफ्नो दलका नेताको स्वागतमा धुम्बाराहीस्थित पार्टी

कार्यालयमा आयोजित स्वागत समारोहमा पुगेर नेपालका लागि चीनका राजदूत उ चुन्ताईले बधाई ज्ञापन गरे । पार्टी कार्यालयमा दलका नेता, सांसद, कार्यकर्ता र पार्टीका शुभेच्छुकले प्रधानमन्त्री ओलीप्रति बधाई तथा शुभकामना ज्ञापन गरिरहेका छन् । प्रधानमन्त्री ओलीको नेतृत्वमा सिङ्गो मुलुक एकताबद्ध भई राष्ट्र हितका पक्षमा अग्रसर हुने महासचिव ईश्वर पोखरेलले बताए ।

यसैबीच मुलुकको ३८औं प्रधानमन्त्रीमा निर्वाचित भएका नेकपा (एमाले)का अध्यक्ष केपी ओली निवास बालकोटमा भव्य स्वागत गरिएको छ । जिल्लाको अनन्तलिङ्गेश्वर नगरपालिकास्थित एमाले नगर कमिटीले बालकोट चोकदेखि धिमेबाजासहित नाचगान गर्दै निवाससम्म आइपुगेपछि ६४ किलोको माला लगाएर स्वागत गरिएको थियो । प्रधानमन्त्रीमा निर्वाचित ओली ६४ वर्षका भएकाले उनलाई सो मालाबाट स्थानीयवासीले स्वागत गरेका हुन् । निवासमा श्रीमती राधिका शाक्यले माला लगाएर स्वागत गरेकी थिइन । स्वागतका लागि स्थानीय बासिन्दा, एमालेका नेता कार्यकर्ता, विभिन्न सरकारी कार्यालयका उच्च अधिकारी, सुरक्षा निकायका उच्च अधिकारीको सहभागिता रहेको छ । एमालेका उपमहासचिव विष्णु पौडेल, एमाले प्रमुख सचेतक अग्नि खरेललगायत ओली निवासमा पुगेका थिए ।

यता, पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले नवनिर्वाचित प्रधानमन्त्री केपी शर्मा ओलीलाई टेलिफोन गरी बधाई दिएका छन्। भट्टराईले उनलाई तराई-मधेश, थारुवान, मगरात लगायतका देशका विभिन्न क्षेत्रमा भएका जनताका जायज माग सम्बोधन गर्न अग्रसरताका लागि पनि आग्रह गरेका छन्। साथै भट्टराईले त्यसका लागि आवश्यक सहयोग गर्न आफू तयार रहेको पनि जानकारी दिए । साथै पहाड-तराई-मधेसबीच राष्ट्रिय एकता कायम गरी सबै नेपालीले दीपावली मनाउने वातावरण बनाउन प्रधानमन्त्री केपी ओलीलाई नेता भट्टराईले आग्रह गरेका छन्।

यसैबीच नवनिर्वाचित प्रधानमन्त्री केपी शर्मा ओलीको सपथ सोमबार दिउँसो १ बजे हुने भएको छ । राष्ट्रपति रामवरण यादवलाई भेटेपछि सभामुख सुवासचन्द्र नेम्वाङले सपथको टुंगो लगाएका हुन् । भेटमा सभामुखले नयाँ संविधानमा असन्तुष्टि राख्दै आएका दल पनि प्रधानमन्त्री निर्वाचनमा सहभागी भएको भन्दै खुसी व्यक्त गरेको राष्ट्रपति कार्यालयले जनाएको छ । 'आजको दिन ऐतिहासिक रह्यो,' उनले भने, 'सिंगो देशले संविधान स्वीकृत गऱ्यो । राष्ट्रपतिले पनि लोकतान्त्रिक विधिबाट प्रधानमन्त्री चयन भएकोमा खुसी प्रकट गरे ।

यसैगरी प्रधानमन्त्री केपी ओलीको नेतृत्वमा सोमबार सानो मन्त्रिमण्डल विस्तार गर्ने भएका छन् । एमाले उच्च स्रोतका अनुसार प्रधानमन्त्रीसँगै केही मन्त्रीहरूको पनि सपथ हुने भएको हो। जसअनुसार बिष्णु पौडेल, भीम रावल, सत्रुघन महतो, कृष्णबहादुर महरा, टोपबहादुर रायामाझी र कमल थापाले मन्त्रिपदको सपथ लिने भएका हुन् । जसमध्ये कमल थापाको मात्र मन्त्रालय टुंगो लागेको स्रोतले बतायो। कमल थापाले उपप्रधान तथा परराष्ट्र मन्त्री पाउने भएका छन्। सोमबार दिउँसो १ बजे राष्ट्रपतिले प्रधानमन्त्रीसहितका मन्त्रीहरूको पद तथा गोपनियताको सपथ दिलाउने छन्। संविधानको धारा ८० अनुसार राष्ट्रपतिले प्रधानमन्त्री, उपप्रधान मन्त्री र मन्त्रीलाई सपथ खुवाउने भएका हुन्। राज्यमन्त्री र सहायक मन्त्रीले भने प्रधानमन्त्री समक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि संघीय कानून बमोजिम पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

मन्त्रीमा आकांक्षी को–को ?

काठमाडौं २४ असोज ।

नेकपा एमालेले यसपटक सिनियर नेतालाई मन्त्री बनाउने भएको छ । सुशील कोइरालाको मन्त्रीपरिषद्मा एमाले मन्त्री बढी आलोचित भएपछि यसपटक माथिल्लो तहकै नेता पठाउने योजना एमालले बनाएको हो । ार्टी केन्द्रीय कार्यालय सचिव कृष्णगोपाल श्रेष्ठले अघिल्लो आरोप चिर्न सक्षम र योग्य नेतालाई मन्त्री बनाउन लागेको जानकारी गराए ।

यसपटक मन्त्री बन्न सांसद हुनुपर्ने अनिवार्य व्यवस्था छ । बिषयगत दख्खल भएका नेतालाई एमालेले मन्त्री बनाउन खोजेको छ । पार्टी अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएपछि पनि राम्रा योग्य आफ्नो मन्त्रिपरिषद्मा राख्ने सोचमा रहेका छन् । मन्त्री मण्डलमा उपाध्यक्ष भीम रावल नभए उपमहासचिव बिष्णु पौडेल वा स्थायी कमिटी सदस्य सुरेन्द्र पाण्डे मध्ये एक जाने छन् । उपप्रधान सहित गृह एमाओवादी र उपप्रधान सहित परराष्ट्र राप्रपा नेपाललाई दिन औपचारिक सहमति गरिसकेपछि एमालेले अर्थ, सञ्चार, स्थानीय शिक्षा जस्ता मन्त्रालय पाउने भएको छ । संविधान लेखन प्रकृयामा अध्यक्ष ओलीलाई महत्वपूर्ण सहयोग गरेका माधव नेपालका पनि विश्वासपात्रका रुपमा रहेका रावल मन्त्रीमण्डलको पहिलो नम्बरमा छन् । त्यसपछि बिष्णु पौडेल र अर्थ मन्त्रीमा सुरेन्द्र पाण्डे रहेका छन् । माधबकुमार नेपाल प्रधानमन्त्री छदा गृहमन्त्री राम्रोसँग चलाएको विश्वासले रावल पहिलो नम्बरका दावेदार रहेका हुन् । यस्तै उपाध्यक्ष युवराज ज्ञवाली पनि मन्त्रीको लाइनमा रहेका छन् । सचिव हुदै उपाध्यक्ष भएका ज्ञवाली मन्त्रीको लाइनमा भएका हुन् । अघिल्लो पटक अर्थमन्त्री हुँदा राम्रो काम गरेको भन्दै पाण्डेलाई नै यहि अर्थ मन्त्रालयमा लैजाने सोच पनि छ । यस्तै प्रकाश ज्वाला, गोकर्ण बिष्ट थममाया थापामगर, रविन्द्र अधिकारी दुई-दुई पटक धनुषाबाट निर्वाचन जितेका सत्रुधन महतो पनि मन्त्रीका दावेदार मानिएका छन् । त्यस्तै विदेश नीति बुझेका ओलीका विश्वासपात्र डा.राजन भट्टराई पनि मन्त्रीका बलिया दावेदार हुन् । यता ओलीलाई नै प्रधानमन्त्री बनाउने लागेका बरिष्ठ नेता माधवकुमार नेपालले आफ्ना सम्धी सोमप्रसाद पाण्डे पनि मन्त्री बनाउने चर्चा रहेको छ । सुदुरपश्चिमबाट भीम रावल मन्त्री हुन नसके बैतडीका दामोदर भण्डारी मन्त्रीको लाइनमा रहेका छन् । यस्तै एमालेका केन्द्रीय सदस्य एवं थारु नेता बैजनाथ चौधरी पनि मन्त्री बन्ने दौडधुपमा

बाँकी ३ पृष्ठमा......

दशैंका लागि पेट्रोल वितरण हुने

पोखरा २४ असोज ।(गोल्डेन)

गण्डकी र धौलागिरी क्षेत्रमा दशैंका लागि सवारी सञ्चालन गर्न आवश्यक डिजेल र पेट्रोल बितरणको तयारी गरिएको छ । दशैंका लागि नेपाल आयल निगमको लेखनाथ स्थित गगनगौंडा डिपोमा मौजाद रहेको तेल वितरणको तयारी भैरहेको डिपो प्रमुख मनोज ठाकुरले शानकारी दिए । 'आवश्यक मात्रामा उपलब्ध गराउन त सकिन्न तर मौजाद तेल दशैंमा सार्वजनिक सवारी सञ्चालन हुने गरी मिलाएर बितरण गर्ने बारे छलफल भैरहेको छ ।'-उनले भने । यस क्षेत्रमा दैनिक ८० हजार लिटर पेट्रोल र एक लाख ६० हजार लिटर डिजेलको माग छ । डिपोमा मौजाद मध्य एक लाख लिटर डिजेल र ४० हजार लिटर पेट्रोल बितरण गर्न सकिने अवस्था छ । जिल्ला आपूर्ति समितिको बैंठक बसेर निर्णय गरे अनुसार बितरणको लागि कोटा निर्धारण गरिने ठाकुरले बताए । यस क्षेत्रको लागि तेल भर्न नाकामा पुगेका १४ वटा ट्याङकर अझै रित्तै छन् । 'कहिले ट्याङकर भरिन्छ र आउछ पत्तो छैन । डिपोबाट निकाल्न मिल्ने तेल दिने हो ।'-उनले भने । पेट्रोलियम डिलर्स एशोसिएशन गण्डकी धौलागिरीका सचिव राजन गंगजुका अनुसार यस क्षेत्रमा ५२ वटा पेट्रोल पम्प छन् । तेल पाउने आशमा पम्पहरुमा सवारीको लाईन लागिरहेको छ । आईतवार पनि बिहानैदेखि पोखराका केहि पम्पमा मोटरसाईकलको लामो लाईन लागिसकेको छ । तर आयल निगम गगनगौडा डिपोले भने सोमवारबाट पेट्रोल वितरण हुने जानकारी दिएको छ ।

राष्ट्रिय विद्युत समस्याको निराकरणका लागि सरकारी कार्यालयहरुले नै विद्युत खपतका लागि मितव्ययिता गर्ने कदमहरु चालु राखी सर्वसाधारणहरुलाई सुसूचित गराऔं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

हार्दिक बधाई एवं शुभकामना

श्री माया बराल क्षेत्री

नेपाल महिला संघ पोखरा नगर समितिका सभापति श्री माया बराल क्षेत्रीज्यू पोखरा उपत्यका नगर विकास समितिको सदस्य पदमा मनोनित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

उषा क्षेत्री (प्रवन्ध निर्देशक)
होटल सिल्भर स्काई, लेकसाइड, पोखरा

हार्दिक धन्यवाद तथा मंगलमय शुभकामना !

मिति २०७२ असोज २३ गते शनिबार जनप्रिय बहुमुखी क्याम्पसको १७औं वार्षिक साधारण सफलताका सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण सम्मानार्थ संरक्षक, सभासद्, शिक्षक तथा कर्मचारीहरुलाई हार्दिक धन्यवाद प्रदान गर्दछौं । २०७२ सालको विजयादशमी, शुभ दीपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण सम्मानार्थ संरक्षक, सभासद्, शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावक तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वीरञ्जी गौतम
क्याम्पस प्रमुख

दामोदर चालिसे
अध्यक्ष

एवं **जनप्रिय बहुमुखी क्याम्पस परिवार**

■ पुरानो कोट लगाउ र नयाँ पुस्तक किन ।

– थोरो

सम्पादकीय . .

दलहरुबीच एकता नै उचित

मुलुकको ३८औं कार्यकारी प्रमुख प्रधानमन्त्रीमा नेकपा एमोले अध्यक्ष केपी शर्मा ओली निर्वाचित भएका छन् । वर्तमान व्यवस्थापिका संसदमा रहेका सदस्य संख्या अर्थात ३३८ मत प्राप्त गरि विजयी भएका हुन् उनी । प्रधानमन्त्रीको यो निर्वाचन यसकारण बढी महत्वपूर्ण छ, जो नयाँ संविधान कार्यान्वयनको शुरुवात पनि हो । नयाँ संविधान जारी भएपछि यो संविधानअनुसार सरकार परिवर्तनको प्रक्रिया शुरु भएको हो । यसअघि अन्तरिम संविधानको चरणमा जस्तो पटक-पटक सहमतिका लागि म्याद थप्ने र राजनीतिक अस्थिरता बढाउने काम यसपटक भएन । संविधानले तोकेअनुसार सहमतीय सरकार गठनका लागि एक हप्ताको समय दिएर राष्ट्रपतिबाट आह्वान भएको हो । सहमति हुन नसकेपछि लगत्तै बहुमतीय प्रक्रिया शुरु भयो र ओली प्रधानमन्त्री बने । प्रधानमन्त्री निर्वाचनसंगै राष्ट्रिय राजनीति ध्रुवीकरण भएको भन्ने आशंका पनि जन्माएको छ । यो सवाल प्रधानमन्त्री निर्वाचनमात्र मात्र नभइ मुख्य सवाल त यो हो कि संविधान कार्यान्वयन शुरु भएको छ । सरकार गठनपछि सभामुख, उपसभामुख र राष्ट्रपति, उपराष्ट्रपतिको पनि चुनाव हुनेछ । यही गतिमा संविधानका सम्पूर्ण धारा उपधाराहरु सक्रिय बन्न सके भने क्रमशः देश राजनीतिक स्थायित्वको दिशामा अघि बढ्नेछ । अब प्रधानमन्त्री ओलीका लागि अवसरभन्दा बढी चुनौतीहरु नै धेरै छन् । भूकम्पदेखि नाकाबन्दीसम्मका चुनौतीहरु सामना गर्नु चानचुने सवाल होइन । त्यसबाहेक देशमा रहेका अन्य तमाम समस्यासंग जुध्नुपर्ने नियमित काम छँदैछ । यी सबै समस्यासंग जुध्न सरकार र राष्ट्रिय शक्तिहरुको एकमत हुनु आवश्यक हुन्छ । त्यसैले अहिले नीति निर्माण तहमा महत्व राख्ने सम्पूर्ण दलहरु सरकारमा जानु नै उपयुक्त हुनेछ । देशको आवश्यकता र स्वयं प्रमुख दलहरुबीचको यसअघिको सहमतिअनुसार राष्ट्रिय सहमतिको सरकार गठन गरिनुपर्थ्यो । राष्ट्रिय सहमतिको सरकार गठनका लागि संसदमा प्रतिनिधित्व गर्ने ३१ वटै दल र स्वतन्त्र सभासदको समर्थन चाहिने र केही दलहरु आन्दोलनमै रहेकाले यो सम्भव थिएन र भएन पनि । सहमतीय सरकार सम्भव नभए पनि बहुमतीय प्रक्रियाबाटै अत्यधिक सहमतिको सरकार बनाउने अवसर थियो । चौथो दल राप्रपा नेपालसमेत सरकारमा जान तयार भएपछि बाँकी पहिलो, दोस्रो र तेस्रो दल मिलेर जाँदा दुई तिहाइभन्दा बढी सांसदको समर्थनमा सरकार बन्ने सम्भावना थियो तर अन्तिम समयमा आएर दलहरुले यो सम्भावना दरिलो बनाउन सकेनन् । खासगरी नेपाली कांग्रेसले सरकारको नेतृत्व दावी गरेपछि यो सम्भावना भत्केको हो । देश तमाम आन्तरिक र बाह्य समस्यासाग जुधिरहेको बेला प्रमुख दलहरुबीच नै सरकार गठनका लागि प्रतिष्पर्धा हुनु राम्रो थिइन । सामान्य अवस्थामा पहिलो र दोस्रो दलबीच प्रतिष्पर्धा हुनु नै प्राकृतिक हुन्छ तर अहिले चुनौतीहरुका चाङ मिलेर सम्बोधन गर्नुपर्ने बेलामा दलीय एकता भत्कन दिनुहुँदैनथ्यो । अहिले कुनै पनि दलको संसदमा बहुमत छैन र दुई दल मिलेर पनि बहुमत नपुग्ने स्थिति थियो । यो बेलामा एकले अर्कोलाई समर्थन गरेर नै अगाडि बढ्नुपर्ने थियो त्यहि भयो । यसअघि सुशील कोइरालालाई प्रधानमन्त्री बनाउन एमालेले समर्थन गरेको थियो । उतिबेला दुई दलबीच संविधान जारी गर्दासम्म कोइराला प्रधानमन्त्री रहने र संविधान जारी गरेपछि ओली प्रधानमन्त्री बन्ने 'भद्र सहमति' भएको दुबै दलका नेताहरुले बताउँदै आएका थिए । त्यसमा थप संविधान निर्माणको आधार मानिएको १६ बुँदे सहमतिमा समेत यही 'भद्र सहमतिले निरन्तरता पाएको सार्वजनिक भएको थियो । यसलाई स्वीकार गर्दै प्रधानमन्त्री कोइरालाले आफूले गरेको यो सहमति पार्टीबाट अनुमोदन गराउने बताउँदै आउनुभएको थियो । तर अन्तिम समयमा आएर उहाँ आफै प्रधानमन्त्रीको उम्मेदवार बन्नुभयो । कोइराला व्यक्तित्वको हिसाबले पनि यसपटक चुनाव लड्न उचित थिएन । सहकर्मी दलसंगको सहकार्य तोडेको आरोप लागिरहेको बेला संविधान जारी गरेर सफल प्रधानमन्त्रीको परिचय स्थापित गरेका कोइराला फेरि त्यही पदमा उठ्नु राजनीतिक र नैतिक दुबै हिसाबले उपयुक्त थिएन पनि । उहाँले दबाबमा परेरै उम्मेदवारी दिएको भन्ने आरोप पनि लागेको छ भने आन्तरिक वा बाह्य जुनखाले दबाबले काम गरेको भए पनि यो कदम उचित थिइन । विगतका सहमति तोडिदा पुनः नयाँ सहमतिका लागि बाधा उत्पन्न भएको छ भने यसले दलीय एकता पनि टुटाउने आंकलन गर्न सकिन्छ । यसलाई जोगाउन र मुलुकलाई यो चक्रव्युहबाट पार लगाउन नवनिर्वाचित प्रधानमन्त्री ओली तथा सत्ता साझेदार दलहरुका साथै प्रतिपक्षबाटै भएपनि सशुक्त भूमिका खेल्दै नेपाली कांग्रेसले दलहरुबीचको एकता मजबूत बनाउन सहयोग गर्नु राष्ट्रको हितमा हुनेछ ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल आश्विन २५ गते सोमबार, तदनुसार अक्टुवर १२ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार आश्विनकृष्ण (पितृ) पक्ष चलिरहेको छ । सौरमान अनुसार आज आश्विनकृष्ण (पितृ) पक्षको चतुर्दशी तिथि ४५ घटि ३४ पला अर्थात रातिमा १२ बजेर १५ मिनेटसम्म त्यसउप्रान्त अमावश्य तिथि लाग्नेछ । आज सूर्य कन्या राशिमा, चन्द्रमा सिंह राशिमा अहोरात्र रहनेछ । आज दिनमान २९ घटि ४ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १ मिनेटमा मैत्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ३९ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : गर्न खोजेको काम विफल हुनेछन, मनमा अशान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबढी आउन सक्नेछ सर्तक हुनुहोला ।

वृष : विरोधीहरू सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।

मिथुन : यशकृति बढ्ने, शतुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन हुनेछ, दिन सुखद् बित्नेछ ।

कर्कट : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ छ उपयोग गर्नुहोला ।

सिंह : आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल रहने, पेटवा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खवर प्राप्त होला ।

कन्या : आटेजति काम गर्न असफल, अफन्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहेको छ ।

तुला : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, आर्थिक समस्याको समाधान हुने, नविन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ ।

वृश्चिक : मानसिक पीडा थपिने, मानहानी, आफन्तबाट धोका हुन सक्ने, आम्दानीका श्रोतहरू घट्नेछन् नआतिनु होला ।

धनु : टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भ्टघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।

मकर : नयाँ ठाँउमा जाँदा आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ ।

कुम्भ : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।

मीन : चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ जोगिनुहोला, नास्तिक विचारले सताउनेछ, समय खराव रहेको छ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

प्रम केपी ओली : झापा विद्रोहदेखि प्रधानमन्त्रीसम्म

प्रकाश सिलवाल
काठमाडौं, २३ असोज ।

झापा विद्रोह हुँदै वामपन्थी राजनीतिमा तीन दशकदेखि सक्रिय नेकपा (एमाले)का अध्यक्ष खड्गप्रसाद शर्मा ओली संविधान सभाबाट जारी नयाँ संविधानपछि मुलुकको पहिलो प्रधानमन्त्री बन्न सफल भएका छन् ।

छैटौं वाम प्रधानमन्त्री : मुलुकको दोस्रो ठूलो दल नेकपा (एमाले) संसदीय दलका नेता ओलीले प्रमुख दलको सहकार्यमा नयाँ संविधान निर्माणमा निर्णायक भूमिका निर्वाह गरेका थिए । उनी पहिलो ठूलो दल नेपाली काँग्रेसबाहेक अन्य दलको समर्थनमा प्रधानमन्त्री बनेका छन्। मुलुकको ३८औं प्रधानमन्त्री उनी छैटौं वामपन्थी प्रधानमन्त्री पनि भएका छन् । पहिलो वाम प्रधानमन्त्री पनि एमालेकै तत्कालीन अध्यक्ष मनमोहन अधिकारी भएका थिए ।

राष्ट्रिय एकतामा अविचलित

वाक्पटुतायुक्त र लामो समय जेलनेल भोगेका नेता ओली पिता मोहनप्रसाद ओली र आमा स्व. मधु ओलीको कोखबाट इवा(२, तेह्रथुममा २००८ साल फागुन ११ (सन् १९५२/०२/२३) मा जन्मिएका थिए । पछि रणामती-६, झापामा बसाइँ सरेका उनी त्यहीँबाट सक्रिय राजनीतिमा होमिएका थिए । झापा विद्रोहकालीन एकमात्र जीवित नेता ओलीले लोकतन्त्र, दिगो शान्ति, सामाजिक सद्भाव र राष्ट्रिय एकताका निम्ति अविचलित अडान राख्दै आएका छन् ।

यसअघि मुलुकको उपप्रधानमन्त्री तथा गृहमन्त्री र परराष्ट्रमन्त्रीको जिम्मेवारी सम्हालिसकेका उनी राष्ट्रिय एकता र राष्ट्रियताका सवालमा पनि निडर तथा खरो देखिएका छन् । पछिल्लो समयमा पार्टीको आन्तरिक एकता सुदृढ बनाउँदै

व्यवस्थापिका संसदबाट ३३८ मत प्राप्त गरी प्रधानमन्त्रीमा विजय भएपछि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पत्रकारसँग कुरा गर्दै । तस्बिर : प्रदीपराज बन्त, रासस

तेस्रो र चौथो ठूलो दल एमाओवादी र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल लगायतको समर्थनमा उनी कार्यकारी प्रमुख बनेका हुन् हो ।

पार्टी र संसद्का जिम्मेवारी

विसं २०७१ असार १९-२५ मा सम्पन्न नवौं राष्ट्रिय महाधिवेशन बाट पार्टीको अध्यक्षमा माधवकुमार नेपालसँगको प्रतिस्पर्धामा अध्यक्ष भएका उनी २०७० माघ २१ मा भएको पार्टीको संसदीय दलको निर्वाचनमा तत्कालीन अध्यक्ष झलनाथ खनाललाई पराजित गरी दलको नेता भएका थिए । संविधानसभाको दोस्रो निर्वाचनमा झापा क्षेत्र नं ७ बाट निर्वाचित उनी विसं २०४८ र २०५१ मा सम्पन्न निर्वाचनमा झापा क्षेत्र नं ६ बाट प्रतिनिधिसभा सदस्यका रुपमा निर्वाचित भएका थिए भने २०५१ मङ्सिर १४ गते गठित नेपालको पहिलो कम्युनिस्ट सरकारमा गृहमन्त्री भए । विसं २०५६ मा सम्पन्न आमनिर्वाचनमा झापा क्षेत्र नम्बर २ र ६ बाट प्रतिनिधिसभामा निर्वाचित भई पार्टीको संसदीय दलको उपनेता भएका ओली २०६३ जेठमा गठित मन्त्रिपरिषद्मा उप-प्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीसमेत बने । विसं २०७० मङ्सिरमा सम्पन्न संविधान सभा निर्वाचनमा झापा क्षेत्र नम्बर ७ बाट संविधानसभा सदस्यका रुपमा निर्वाचित भएका उनी आफ्नो अडानमा स्पष्ट मानिन्छन् ।

हतियारबद्ध सङ्घर्षदेखि शान्तिपूर्ण रुपान्तरण : विसं २०२७ को झापा विद्रोहमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टीभित्र हतियारबद्ध सङ्घर्ष वा शान्तिपूर्ण सङ्घर्ष गर्ने भन्ने बहसमा उनले शान्तिपूर्ण आन्दोलनको माध्यमबाट नै परिवर्तन गर्न सकिन्छ भन्ने वैचारिक अडान राखे पनि पार्टीको निर्णय मानी सशस्त्र सङ्घर्षमा समेत होमिए । अन्ततः विसं २०४६ को वाम प्रजातान्त्रिक सहकार्यको शान्तिपूर्ण आन्दोलनबाटै प्रजातन्त्रको पुनःस्थापना भयो, त्यसपछि पार्टीले पनि शान्तिपूर्ण रुपान्तरणको बाटो लियो ।

अध्यक्ष ओलीले तत्कालीन महासचिव मदन भण्डारीबाट प्रस्तुत तथा एमालेको पाँचौं राष्ट्रिय महाधिवेशनबाट पारित जनताको बहुदलीय जनवादको सिद्धान्त र त्यसको कार्यक्रम निर्माणका महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । विसं २०२५ देखि तत्कालीन नेपाल कम्युनिस्ट पार्टीसम्बद्ध विद्यार्थी फाँटको प्रचाक्सन कमिटीमा आबद्ध भई त्यसको नेतृत्व गरेका उनले २०२६ सालमा सङ्गठित सदस्यता पाए भने विसं २०२३ मा मार्क्सवादी अध्ययन दलमा सङ्गठित भए ।

विसं २०२६ मै तत्कालीन नेपाल कम्युनिस्ट पार्टीको उपसचिवको जिम्मेवारीमा पुगेका उनी २०२७ वैशाखमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी र पूर्वकोसी प्रान्तीय कमिटीसँगको एकीकरण अभियानका अगुवा बने ।

विसं २०४४ पुस २ गतेदेखि धादिङको स्यादुलमा बसेको तत्कालीन नेकपा (माले)को बैठकबाट केन्द्रीय कमिटी सदस्यको जिम्मेवारी बहन गरेका ओली २०४६ मा तत्कालीन नेकपा (माले) लुम्बिनी अञ्चल प्रमुखको जिम्मेवारीमा पुगे । विसं २०४७ जेठ १ गते तत्कालीन प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ, नेपालको संस्थापक अध्यक्ष बनेका ओली २०४९ देखि २०७१ असारसम्म नेकपा (एमाले) स्थायी कमिटी सदस्य रही पार्टीको शीर्ष र लोकप्रिय नेताको स्थानमा रहे ।

कारागार जीवन

विसं २०२८ वैशाखमा तत्कालीन पूर्वकोसी प्रान्तीय कमिटीबाट नेपाल कम्युनिस्ट पार्टी अलग भएपछि २०२९ सालमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी झापा आन्दोलन कमिटीको प्रमुखका रुपमा ओली अघि सरे । पञ्चायतविरोधी आन्दोलन र प्रजातन्त्र प्राप्तिका आन्दोलनमा उनी विभिन्न पटक जेल परे । पहिलो पटक उनी २०२७ फागुन १६ गते झापाबाट गिरफ्तारीमा परे र त्यसबीचमा पटक पटक गरी १० पटकभन्दा बढी गिरफ्तारीमा परे । उनको २०३० असोज २३ गतेदेखि लामो जेल जीवन प्रारम्भ भयो । रौतहट गौर जेल, गौर थाना हुँदै वीरगन्ज थाना र २०३० मङ्सिर ८ गते उहाँलाई भद्रगोल जेल काठमाडौंमा चलान गरियो । पछि केन्द्रीय कारागार, नख्खु जेलमा बस्दै गर्दा २०३६ जेठमा जेलमुक्त भए । पछि फेरि २०३७ म गिरफ्तार भई २०४४ असार ११ मा भद्रगोल जेलबाट रिहा भए । तत्कालीन राजा ज्ञानेन्द्रले २०५८ माघ १९ को कदमपछि उनले नजरबन्द पनि भोगे ।

अध्ययन : राजनीतिक आन्दोलन र जेल जीवनका कारण औपचारिक अध्ययनमा पछाडि देखिए पनि ओलीको स्वाध्ययनले राजनीतिक जीवनलाई कमजोर बनाएको छैन । औपचारिक शैक्षिक योग्यतामा सामान्य अध्ययन गरेका ओली राजनीति शास्त्रमा मानार्थ विद्यावारिधि प्राप्त हुन् ।

हाल अनन्तलिङ्गेश्वर-२, बालकोट भक्तपुरमा बस्दै आएका उनी मदन भण्डारी मेमोरियल फाउन्डेसनका संरक्षक हुन् । उनले विश्वको डेढ दर्जनभन्दा बढी मुलुकको भ्रमण गरेका छन् ।

स्वागत सहकारीको सातौं वार्षिक साधारणसभा

पोखरा २४ असोज ।(गोल्डेन)

पोखरा-१४, स्वागतनगर स्थित स्वागत बचत तथ ऋण सहकारी संस्था लिमिटेडको सातौं वार्षिक साधारणसभा सम्पन्न भयो । पुनरावेदन सरकारी वकिलको कार्यालयका कार्यालय प्रमुख सरकारी वकिल न्यायधिवक्ता राजनराज घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा संचारकर्मी गण्डकी टेलिभिजनका राजनकुमार के.सी. सहकारीका सल्लाहकार जे.बी.कुँवर, लेखबहादुर थापा, र ध्रुवराज पोखरेलले लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा अध्यक्ष भण्डारीको वार्षिक र आगामी वर्षको कार्ययोजना, कोषाध्यक्ष शिवराज पोखरेलको कोषाध्क्षको प्रतिवेदन, लेखा समिति संयोजक लोकबहादुर थापाको प्रतिवेन प्रस्तुत एवं सर्वसम्मत पारित भएको थियो । संस्थाका अध्यक्ष विमल भण्डारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव रामजी जि.सी. ले र संचालन सदस्य सीता पौडेलले स्वागत मन्तव्य राखेका थिए । कार्यकममा उत्कृष्ट ऋणिमा शेयरसदस्य सरस्वति कुँवर, उत्कृष्ट बचत कर्तामा शेयरसदस्य गंगादेवी कुँवर, उत्कृष्ट कर्मचारीमा सह-प्रबन्धक धर्मराज के.सी., उत्कृष्ट आवधिक बचतमा शेयरसदस्य सुनिता भण्डारी, उपसमिति मध्ये सकिय सदस्यमा सदस्य गणेश भण्डारी, शेयरसदस्यका छोराछोरी मध्ये एस.एल.सी.मा उत्तीर्ण शेयर सदस्य प्रेमबहादुर खत्रीको छोरी पार्वती के.सी.लाई प्रमुख अतिथि, विशेष अतिथि र कार्यक्रमका अध्यक्षले सम्मान पत्र साथै जनही दूई दूई हजारका दरले सम्मान प्रमुख अतिथीले सम्मान पत्र,विशेष अतिथीले खादा र रकम संस्थाका अध्यक्षले अविर लगाई सम्मान गरेका थिए । त्यस अवसरमा उत्कृष्ट आवधिक बचतकर्ता शेयरसदस्य सुनिता भण्डारी ले प्राप्त सम्मानित रकममा दुई हजार थप गरि चार हजार रुपैयाँ कार्यकम स्थल मै पोखरा-१८ बाच्छी बुढुवा स्थित वात्स्यायन वृद्धाश्रमलाई वृद्धाश्रमका सचिव पण्डित युबराज वाग्लेलाई हस्तान्तरण गरेका थिए ।

कर तिरी जिम्मेवार नागरिक बन्न आग्रह

पोखरा २४ असोज ।

आन्तरिक राजश्व कार्यालय पोखराका प्रमुख कर अधिकृत लेखनाथ शर्माले सवैलाई कर तिरी जिम्मेवार नागरिक बन्न आग्रह गरेका छन् । लेखनाथ उद्योग वाणिज्य संघमा आईतवार स्वागत तथा कर सम्वन्धि प्रशिक्षण कार्यक्रममा वोल्दै अधिकृत शर्माले नेपाल सरकारले कर दाता र कर कार्यालय बीचको दुरी कम गर्दै आईरहेको र भविष्यमा अझ वढि नजिक रहने कार्यक्रम ल्याएको बताउदै व्यवसायीहरुलाई विना संकोच कर कार्यालय आउन र नबुझेका कुराको प्रशिक्षण दिन आफूहरु आतुर रहेको बताए । कर अधिकृत शर्माले कर दाता (उद्योग वाणिज्य संघ) र कर कार्यालय बीच नङ मासुको सम्वन्ध रहनुपर्ने बताउदैं सहयोगका लागि अनुरोध गरेका थिए । लेखनाथ उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष कृष्णहरि भण्डारीको अध्यक्षतामा भएको स्वागत तथा कर प्रशिक्षण कार्यक्रममा कर अधिकृत कृष्णप्रसाद बाँस्तोलाले कर सम्वन्धी कार्यपत्र प्रस्तुत गरेका थिए । लेखनाथ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष बावुराम गिरी, पूर्व अध्यक्ष तथा विशिष्ट सदस्य सुमन भट्टराईले लेखनाथ भर्खरै मात्र शहर उन्मुख नगरपालिका भएका कारण यहाँका अधिकांश व्यवसायीहरुमा कर सम्वन्धी जानकारी नभएकाले यसमा कर कार्यालयले बढि जोड दिनुपर्ने र सम्पूर्ण कर दाताले आफूले राज्यलाई बुझाउनु पर्ने कर तिरेर आफ्नो दायित्व पुरा गर्नुपर्ने धारणा राखेका थिए । कार्यक्रममा संघका महासचिव छत्रधर आत्रेयले संचालन गरेका थिए ।

बाराहीमा नवआगन्तुकलाई स्वागत

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ असोज ।

पोखरा उप-महानगरपालिका वडा नं. ५ मालेपाटन स्थित बाराही उच्च माविमा कक्षा ११ मा भर्ना भएका नयाँ विद्यार्थीहरुको स्वागत गरिएको छ । विद्यालयको कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुले नयाँ भर्ना भएका विद्यार्थीहरुको स्वागत गरेका हुन् । सर्मिष्टा शर्मा र विकाश दर्जीले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता १२ कक्षाकै छात्र रोहित शर्माले गरेका थिए । कार्यक्रममा विद्यालयका प्रधानध्यापक शिव प्रसाद भण्डारीले विद्यार्थीहरुले आफ्नो अनुशासन कायम गर्दै अध्ययनशिल हुन आग्रह गरे । साथै उनले वडादशैं तथा दीपावलीको शुभकामना समेत व्यक्त गरेका थिए । स्वागत कार्यक्रमका अवसरमा आयोजक बाराही उच्च मावि र कक्षा १२ का विद्यार्थीहरुले संयुक्त रुपमा नयाँ विद्यार्थीहरुलाई मायाको चिनो समेत वितरण गरेका थिए । सोही अवसरमा विभिन्न सांस्कृतिक कार्यक्रम समेत सञ्चालन गरिएको विद्यार्थी भगवान तिमिल्सिनाले जानकारी दिए ।

आफन्त सहकारीको साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ असोज ।

पोखरा ५ मालेपाटन स्थित आफन्त बचत तथा ऋण सहकारी संस्थाको छैठौं साधारणसभा सम्पन्न भएको छ । सहकारीका अध्यक्ष गोविन्द प्रसाद बरालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव हरि प्रसाद अधिकारीले गरेका थिए । साधारणसभामा कोषाध्यक्ष रामचन्द्र बरालले आर्थिक प्रतिबेदन पेश गरेका थिए । कार्यक्रममा उपाध्यक्ष याम बरालले स्वागत तथा सल्लाहकार शशिधर पौडेलले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा समाजसेवी तथा शेयर सदस्यका २०७१ सालमा एसएलसी उत्तीर्ण छोराछारीलाई सम्मान गरिएको थियो । कार्यक्रमकै अवसरमा समाजसेवी पद्मराज कोईरालाको जीवनी समेत प्रश्तुत गरिएको सहकारीकी कर्मचारी भगवति आचार्यले जानकारी दिईन् ।

आवश्यकता

कुक	१ जना
कुक हेल्पर	१ जना
वेटर/रूम ब्वाई	१ जना

सम्पर्क
होटल साइलेन्ट पिक
लेकसाइड, पोखरा
फोन : ०६१-४६२८५४

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्ता सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्ता सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्वन्धि समस्या

महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्ता सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मसिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम सावै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र

फ्रि होम डेलिभरि

फोन नं.०६१-५३१८६७, ०६-१२२५९९८, मो. ९८४६१३७४१८

पोखरामा पहिलो पटक

यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)

स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।

केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.

Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look

उचाई बढाउन Step Up, Triple Height

तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)

थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।

ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

फ्रि होम डेलिभरी

स्वाधीनता, राष्ट्रिय एकता र सार्वभौमसत्ताको संरक्षण वर्तमानको आवश्यकता–कोइराला

काठमाडौं २४ असोज ।

नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्रीका उम्मेदवार सुशील कोइरालाले नेपालको स्वाधीनता, राष्ट्रियता र सार्वभौम सत्ताको रक्षा गर्नु वर्तमानको आवश्यकता भएको बताएका छन् । नेपालको सविधानको धारा, २९८ को उपधारा ३ एवम् व्यवस्थापिका-संसद्को अन्तरिम कार्यविधि, २०७२ को दफा १९को उपदफा ३ बमोजिम नेपालको प्रधानमन्त्री पदमा नेपाली काँग्रेसका सभापति सुशील कोइरालाले उम्मेदवारी प्रस्तुत गर्दै मुलुकको अवस्था अत्यन्तै सङ्कटको घडीबाट गुज्रिरहेकाले त्यसको निराकरणका लागि एकता र मेलमिलापको विकल्प नभएको बताए । प्रधानमन्त्रीमा उम्मेदवारी दिनु लोकतान्त्रिक प्रक्रिया भएको र अहिलेको असहज अवस्थामा छिमेकीसँग सन्तुलित सम्बन्ध कायम गरी राष्ट्रका समस्याको हल गरी संयोजनकारी भूमिका निर्वाह गर्दै मुलुकलाई समृद्धिको मार्गमा डोऱ्याउन आफू सफल हुने विश्वास उनले व्यक्त गरे । सुशासन सुनिश्चित गर्न भ्रष्टाचार विरुद्ध थालिएका अभियानले सकारात्मक परिणाम दिएको उनले बताए ।

पुन:निर्माण प्राधिकरण विधेयक पारित हुन नदिएर सदनमा भएको असहयोगको वास्तविकता औंल्याउन पनि सभापति कोइरालाले बिर्सनुभएन । आफू प्रधानमन्त्री भए पनि मुलुकलाई अगाडि बढाउन सफल हुने र नेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओली निर्वाचित भए पनि देश एकता र सहमतिका साथ अगाडि बढ्ने विश्वास उनले व्यक्त गरे । उनले आफ्नो उम्मेदवारी लोकतान्त्रिक प्रक्रिया भएकाले त्यसलाई अन्यथा नलिन सबैसँग आग्रह गरे । हिमाल, पहाड र तराई मधेसमध्ये मधेसमा बढी समस्या रहेका, तिनको निराकरणका लागि आफू संवेदनशीलताका साथ क्रियाशील भएको र अहिले पनि तराई आन्दोलन साम्य नभएकामा उनले चिन्ता व्यक्त गरे । उनले भने-"कैयौं नागरिकको निधन भयो । थुप्रै अस्पतालमा उपचाररत छन् । मुलुकलाई अगाडि बढाउने चिन्ता मलाई पनि छ । मधेसका मुद्दा टुङ्ग्याउन सबै पक्ष गम्भीर भएर अगाडि बढ्नु पर्छ ।" आधा जनसङ्ख्या ओगटेको तराई मधेसको आन्दोलनलाई वार्ता र संवादबाट समाधान गर्नुपर्ने आवश्यकता दर्शाउँदै सभापति कोइरालाले भारत र चीनसँगको समदूरीको पारस्परिक सम्बन्धलाई अक्षुण्ण राख्दै नाकाबन्दीको चपेटामा परेको देशलाई मुक्त गर्नैपर्नेमा जोड दिए । मुलुकले पेट्रोलियम पदार्थको चरम अभाव झेलिरहेकाले त्यसलाई सहज बनाएर जनजीवन सामान्य बनाउनु अहिलेको प्रमुख चुनौती भएको पनि उनले बताए । "सरकारले कूटनीतिक तवरबाट समस्याको समाधान गर्न प्रयास गरेको छ," शताब्दीऔं देखिको जनस्तरको धार्मिक, सांस्कृतिक एवम् सामाजिक सम्बन्धले जोडेको नेपाल-भारत मैत्री नाकाबन्दीले बिटुलिन नहुने तर्क गर्दै नेता कोइरालाले भने। राज्यका सबै निकायका समावेशी समानुपातिक प्रतिनिधित्विको प्रयास गरिएको, संविधान संशोधनको प्रक्रिया अगाडि बढाइएको, भूकम्पपछिको पुन:निर्माणका लागि सहमतिका लागि साथ ल्याइएको पुन:निर्माण प्राधिकरण गठनसम्बन्धी प्रस्ताव लाई असफल बनाइएको यथार्थ प्रस्तुत गर्दै उनले असहमत पक्षले सहमतिको कुरा गर्नु निरर्थक हुने बताए । व्यवस्थापिका-संसद्मा प्रस्तुत संशोधन प्रस्तावले आन्दोलनकारीका भावना समेटेको र मुलुकको परिस्थिति बिग्रन नदिन आफूले संयुक्त राष्ट्रसङ्घको महासभामा भाग नलिएको पनि उनले प्रस्ट पारे ।

अघोषित नाकाबन्दीका कारण नेपालीको महत्वपूर्ण चाडपर्व प्रभावित भएको र आर्थिक संकट उत्पन्न गरेको उल्लेख गर्दै प्रधानमन्त्रीका उम्मेदवार कोइरालाले आन्दोलनरत दलहरूसँग वार्तालाई निरन्तरता दिनुपर्ने, शिष्ट र सौम्य कूटनीति सञ्चालन गरी निचोडमा पुग्नुपर्ने बताए । आगामी दिनमा प्रदेश र स्थानीय तहको निर्वाचन गराउने गुरुत्तर दायित्व भावी सरकारको काँधमा आउने भएकाले सबै दललाई सहभागी गराएर राष्ट्रिय एकता, सहमति, सहकार्य र मेलमिलापको भावनाका साथ अघि बढ्नुपर्ने उनको भनाइ थियो । नेपाली काँग्रेस संसदीय दलका नेता तथा सभापति कोइरालाले नेपालको प्रधानमन्त्री पदको आफ्नो उम्मेदवारीको सूचना फिर्ता नलिने घोषणा गर्दै आफ्नो पक्षमा मतदान गर्न सांसदहरूसँग आग्रह गरे । त्यसअघि सभामुख सुवास नेम्वाङले नेता कोइरालालाई आफ्नो उम्मेदवारीको सूचना फिर्ता लिनसक्ने अन्तरिम कार्यविधिको प्रावधानबारे जानकारी गराएका थिए । रासस

नेपाल निर्माणको अभिभारा एमालेमा-गुरुङ

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ असोज ।

नेकपा एमाले स्थायी समिति सदस्य तथा पूर्व मन्त्री किरण गुरुङले पार्टी अध्यक्ष के.पी.ओली प्रधानमन्त्री बने पछि नयाँ नेपाल निर्माणको अभिभारा एमालेमा आएको बताएका छन् ।

नेकपा एमाले जिल्ला कमिटी कास्कीले विजया दशमी, शुभदीपावली, नेपाल सम्वत र छठ पर्वको अवसरमा प्रकाशन गर्न लागेको पार्टीको मुख पत्र घोषणाको तयारीबारे आयोजना गरेको कार्यक्रममा बोल्दै स्थायी समिति सदस्य गुरुङले एमालेले सरकारको नेतृत्व गरेको विषयलाई खुसीका साथ जिम्मेवार बोध गरेको बताए । नयाँ संविधान मार्फत जनआन्दोलन को उपलब्धी, लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको उल्लेख गर्दै उनले एमालेले अब विकास निर्माण र भूकम्प पश्चातको क्षतिको पुन:निर्माणको अगुवाई गर्ने धारणा राखे । देश विकास गर्ने जिम्मेवारी अब एमालेको हो,उनले भने-'अब एमाले जे बोल्छ त्यो गरेर देखाउनु पर्छ ।' उनले भाषण होइन एमालेका नेता कार्यकर्ताले अब काम गरेर देखाउनु पर्ने बताए ।

अधिकारका लागि आन्दोलन गर्ने समय सकिएकोले अब सबै दल मिलेर देशको समृद्धि र आर्थिक विकासमा लाग्नुपर्ने उनको भनाई थियो । एमालेको नेतृत्वमा सरकार गठन भएकोमा आम नेपाली जनताप्रति आभार प्रकट गर्दै उनले एमालेको नेतृत्व दुरदर्शी नभएको भए संविधान नबन्ने ठोकुवा गरे । पार्टी अध्यक्ष के.पी.ओलीको चट्टानी अडानले संविधान बन्न नदिने तत्वलाई परास्त गरेको दावी गर्दै नेता गुरुङले राजनीतिक दललाई भारतले एक हुन नदिनु हामी सबैको लागि चुनौतीको विषय भएको बताए । भारतीय पक्षको हेपाहा प्रवृत्ति पहिलैदेखि भएको आरोप लगाउँदै उनले भारतीय पक्षले लगाएको नाकावन्दी कुटनीतिक रुपबाट समाधान गर्ने बताए । उत्तरी क्षेत्रको नाका खोल्दैमा सबै समस्या समाधान नहुने ठोकुवा गर्दै उनले पेट्रोलियम पद्धार्थको आयातमा वैकल्पिक व्यवस्था आवश्यक भएको बताए ।

नेकपा एमाले केन्द्रीय कमिटिका वैकल्पिक सदस्य मानबहादुर जिसी, राष्ट्रिय प्रतिनिधि परिषदका पूर्व सदस्य पुण्य पौडेल, जिल्ला कमिटि कास्कीका कार्यवाहक अध्यक्ष मन बहादुर गुरुङ, सचिव दामोदर वैरागी, प्रचार विभाग प्रमुख तेजनारायण अधिकारी लगायतका वक्ताले मन्तव्य राखेका थिए ।

संयुक्त रक्तदान कार्यक्रममा ६७ युनिट रगत सङ्कलन

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ असोज ।

विजया दशमी शुभ दीपावली छठ पर्व तथा नेपाल संवत ११३६ को अवसरमा गौडाकोमुख भद्रकाली चोकमा शनिवार आयोजित रक्तदान कार्यक्रममा ६७ जनाले रक्तदान गरेका छन् । बालगोपाल भजन कीर्तन सेवा समिति, बालगोपाल आमा समूह र बालगोपाल युवा समितिको संयुक्त आयोजनामा तेस्रो खुल्ला रक्तदान कार्यक्रम भएको हो । कार्यक्रममा १८ वर्षका एलिस देखि ५६ वर्षका केशवकुमार द्वा लगायतले उत्सापूर्वक रक्तदान गरेका रक्तदान कार्यक्रमका संयोजक अमृतकुमार श्रेष्ठले वताए । कार्यक्रमको उद्घाटन गर्दै पश्चिमाञ्चलका निमित्त क्षेत्रीय प्रशासक दिवाकर बाँस्तोलाले मानवीय सेवा नै ठूलो धर्म भएको बताए । दान मध्ये सवै भन्दा ठूलो दान जीवन दान भएको प्रशासक बाँस्तोलाले चर्चा गरे । प्राध्यापक तारा वरालले रत्तदाताले दिएको हजारौं मानवको जीवन बचाउने सहयोग पुगेको वताए । रक्तदान जीवन दान हो भनेर अझै समाजमा जनचेतनाको आवश्यकता रहेको प्राध्यापक बरालले उल्लेख गरे । बालगोपाल युवा समितिका संस्थापक अध्यक्ष कल्याण ढेवाजुले रक्तदान कार्यक्रम सफल पार्न वभिन्न व्यक्तिहरुले उल्लेखनीय सहयोग गरेका जानकारी दिए । कार्यक्रममा पहिलो पटक रक्तदान गर्ने राधा श्रेष्ठले रगत नदिंदै लागेको डर आज रक्तदान गरेपछि सवै डर भागी खुसी लगेको अनुभव सुनाइन् । चौथो पटक रगत दिएका धिरोज ढेवाजूले रगत दिएपछि शरीरमा जाँगरपन बढेको अनुभव सुनाए । रक्तदान कार्यक्रममा रक्तसंचार केन्द्रका धुब्र लामिछानेको समूहले सहयोग गरेको थियो ।

बालगोपाल भजन कीर्तन सेवा समितिका अध्यक्ष डम्बरबहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा भद्रकाली बहुमुखी क्याम्पसका प्रमुख किशोरदत्त बराल, ब्रम्हकुमारी अप्सरा लगायतले आ-आफ्नो भनाइ राखेका थिए भने स्वागत बालगोपाल भजन कृर्तन सेवा समितिका सल्लाहकार रामगोपाल ढेवाजू र संचालन मिना श्रेष्ठ, सरोजकुमार श्रेष्ठ र सुरक्षा श्रेष्ठले गरेका थिए ।

अरण्यज्योति पुस्तकालयमा ई–लाइब्रेरी शुभारम्भ

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ असोज ।

पोखरा उपमहानगरपालिका वडा नं १३ स्थित अरण्यज्योति पुस्तकालयमा शनिवारदेखि ई लाइब्रेरी शुभारम्भ भएको छ । जिल्ला शिक्षा अधिकारी विष्णुप्रसाद अधिकारले माउस चलाएर शुभारम्भ गरेका हुन । अधिकारीले अझै पनि हाम्रो समाजमा दुई प्रतिशत विद्यार्थी पढाइवाट टाडा रहेका छन् ती टाढा रहेको विद्यार्थीहरुलाई विद्यालयमा पढाउने वातावरण सृजना गर्न सवैले सहयोग गर्नुपर्नेमा जोड दिए । प्राध्यापक तारा बरालले ई लाइब्रेरीको प्रयोगले अव कुँडहर वासीलाई संसार बुझ्न र हेर्न ठूलो सहयोग पुग्ने वताए । भद्रकाली बहुमुखी क्याम्पसका प्रमुख किशोरदत्त बरालले कम्प्युटर मार्फत लिएका ज्ञानले आज लाखौं नेपालीलाई अध्ययन गर्न सहयोग पुगेको चर्चा गरे । भद्रकाली बहुमुखी क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष बजीरमान श्रेष्ठले पुस्तकालयलाई पश्चिमाञ्चलकै नमुना बनाउन हामी सवै एक जुट भएर अगाडि बढ्नु पर्ने भने । जनकल्याण समितिका अध्यक्ष लोकवहादुर कार्कीले पुस्तकालयको क्षेत्र अझै विस्तार गर्नको लागि सक्दो सहयोग गर्ने भने । पुस्तकालयका सल्लाहकार प्रकाश सिग्देलले अव यो क्षेत्रलाई पुस्तकालय मैत्री वातवरण वनाउन सवै क्षेत्रवाट सहयोग गर्नु पर्नेमा जोड दिए ।

नेपाल परिवार नियोजन संघ कास्कीका सभापति अर्जुन सिग्देलले पुस्तकालयका किताव अध्ययन गरेर लाखौ नेपाली राष्ट्रको उच्चतहमा पुगेका चर्चा गरे । पुस्तकालयका सल्लाहकार तिलक बहादुर गुरुङले पुस्तकालयको अझ चौतर्फी विकास गर्न सवै क्षेत्रवाट सकारात्मक सोचले अगाडि बढ्नु पर्नेमा जोड दिए । समाजसेवी दिपक तामाङले ई लाइब्रेरीको माध्यमवाट स्वदेश तथा विदेशका विषयमा ज्ञान लिन धेरै सजीलो हुने वताए । अरण्यज्योति पुस्तकालयको २३ औं वार्षिक साधरणभामा सचिव यदुराज पंगेनीले प्रस्तुत गरेका सचिव प्रतिवेदन र कोषाध्यक्ष सरोजकुमार श्रेष्ठले प्रस्तुत गरेका आर्थिक प्रतिवेदन सर्वसम्मत रुपमा पारित भएको छ । अरण्यज्योति पुस्तकालयका अध्यक्ष राजेन्द्र भण्डारीले भविश्यमा पुस्तकालयमा अध्ययन कक्षलाई अझ व्यवस्थित गर्ने, निकट भविष्यमा चिल्ड्रेन पार्क निर्माण गर्ने, बालवालिकालाई सनचेतना, यूवाहरुको नेतृत्व विकास र वृद्धाहरुको लागि शान्तिमय क्षेत्र बनाईने जानकारी दिए । पुस्तकालयका अध्यक्ष भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा भद्रकाली उच्च माविका प्राचार्य घनश्याम रिजाल, समाजसेवी शारदा पराजुलीले पुस्तकालयको वारेमा चर्चा गरेका थिए भने कवि धर्मराज पौडेलले देशभक्तमा ओतप्रोत कविता वाचन, सचिव यदुराज पगेनीले संचालन गरेका थिए ।

विरोधको तयारी

पोखरा २४ असोज ।

पोखरामा सामाजिक संजाल मार्फत भारतले लगाएको अघोषित नाकाबन्दी बिरूद्द विशाल युवा प्रदर्शनको तयारी भएको छ। आगामी असोज २७ गते फेसबुकमा ईभेन्ट पेज बनाएर नाकाबन्दी बिरुद्द बिरोध प्रदर्शनीको तयारी गरिएको हो। राष्ट्रिय स्वाधीनता सवाल रहेकोले भित्रि मनदेखि नै युवाहरुले राष्ट्रिय सार्वभौमिकताको रक्षाको लागि भारतलाई दवाव स्वरूप बिरोध कार्यक्रमको तयारी गरिएको अभियानकर्मी मोहनराज बरालले बताए। हामी भोकै मर्न तयार छौ तर स्वाभिमान बेच्दैनौ यसकारण पनि प्रदर्शन गर्दै छौ अर्का युवा सुर्यप्रसाद बराल बताउँछन्। देशभक्त युवाहरू आयोजक रहेको त्यस बिरोध र्‍याली पार्दी चोक, बिरौटा हुदै भारतिय पेन्सन क्याम्प रामबजारमा गएर कोणसभामा परिणत हुनेछ।

मन्त्रीमा...

रहेका छ । पश्चिम तराइमा चलिरहेको थारु आन्दोलनको बास्तविकता थाहा पाएका चौधरीलाई एमाले नेतृत्वले मन्त्री बनाउने तयारी गरेको बताइन्छ । भने मधेशैबाट नागेन्द्र चौधरी, वंशीधर मिश्र पनि उतिकै चर्चा रहेको छ ।

यस्तै ओलीका अर्का विश्वास पात्र भानुभक्त ढकाल पनि मन्त्री पाउने सम्भावना रहेको रातोपाटीमा खबर छ । अघिल्लो सरकारमा काठमाडौंबाट हिसिला यमीलाई हराएका रामवीर मानन्धर मन्त्री बन्ने दाउमा देखिन्छन । कर्णाली अंचलबाट मुगुका मोहन बानियाँ मन्त्री बन्ने चर्चा छ । अहिलेका प्रमुख सचेतक अग्नि खरेलले कानुनमन्त्री बन्ने संम्भावना रहेको छ । प्रमुख सचेतकको राम्रो भुमिका खेलेका खरेल ओलीले पनि मनपराएका व्यक्ति हुन् । उनको भूमिका राम्रो भएकोले ओलीले मन्त्री बनाउने सक्ने स्रोतहरु बताउँछन् ।

अनेरास्ववियु कास्कीमा शुभकामना आदान–प्रदान

गोल्डेन न्यूज संवाददाता
पोखरा २३ असोज ।

अनेरास्ववियु त्रि.वि.जिल्ला कमिटी कास्कीले आइतबार पोखरामा एक कार्यक्रमका बीच पोखरामा बसोबास गर्ने मधेशी सहितको उपस्थितिमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न गरेको छ । पृथ्वी नारायण क्याम्पसको प्राङ्गणमा सम्पन्न वृहत शुभकामना आदान प्रदान तथा चियापान कार्यक्रममा कास्कीमा रहेर विभिन्न पेशा व्यवसाय गर्ने मधेशका नेपालीहरुको सहभागिता रहेको थियो । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि नेकपा एमाले केन्द्रिय कमिटी सदस्य मानबहादुर जिसीले हामीले कुनै क्षेत्रगत रुपमा नछुट्टिइकन सबै नेपाली एकै हौ भन्ने भावनाको सिर्जना गर्नुपर्ने बताए । प्रमुख अतिथि जिसीले आम नेपालीमा एकताको भावना स्वरुप सद्भाव कायम गर्नका लागि अनेरास्वयवियु कास्कीले गरेको शुभकामना आदानप्रदान कार्यक्रम नेपालमै पहिलो र सबैले सिक्नुपर्ने खालको नेपाली भाइचारा जगाउने महत्वपूर्ण कार्यक्रम रहेको बताए ।

त्यसैगरी तराई-मधेश सम्पर्क समाज पोखराका सल्लाहकार तथा पृथ्वी नारायण क्याम्पसका उपप्राध्यापक रामबाबु मण्डलले मधेशको परिस्थिति वास्तविक मधेशीले नभई नक्कली मधेशीले सिर्जना गरेको परिस्थिति हो र हामी सबै मधेशीहरुले यो वास्तविकता लाई बुझेर राष्ट्रको हितको पक्षमा दृढ संकल्पका साथ लाग्नु पर्दछ भने । कार्यक्रममा नेकपा एमाले कास्कीका सचिव दामोदर वैरागी, सचिवालय सदस्य तेजनारायण अधिकारी, जिल्ला सदस्य मनकुमार श्रेष्ठ, क्याम्पस प्रमुख प्रा.डा. देवेन्द्रबहादुर लामिछाने, पार्टी क्षेत्रीय अध्यक्ष जीवन आचार्य, अनेरास्ववियु केन्द्रिय सदस्य सरिता पुरी, क्षेत्रीय सचिव पूर्ण लामा, अनेरास्ववियु गण्डकी कोषाध्यक्ष आशिर्वाद सुवेदीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

विवेक देवकोटाको अध्क्षतामा सम्पन्न उक्त कार्यक्रममा चिया खाजाको व्यवस्थापन सौजन्य स्वरुप प्रगति इञ्जिनियरिङ्ग कन्सल्टेन्सी पोखराले गरेको थियो । कार्यक्रममा स्वागत मन्तव्य कमिटीका उपाध्यक्ष सुजनबाबु लामिछानेले र सञ्चालन सचिव अमृत ढकालले गरेका थिए ।

हार्दिक समवेदना

जन्मः
१९८५ असार

ब्रम्हलीनः
२०७२ असोज १२ गते

स्व. गम्भीरमान श्रेष्ठ

पोखरा समर्पण लायन्स क्लवकी सदस्य अनुपमा श्रेष्ठका पुजनीय ससुरा बुबा गम्भीरमान श्रेष्ठको दुःखद् निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं । उहाँको निधन भएको यस दुःखद् घडिमा ब्रम्हलीन आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

लायन आभा जोशी
अध्यक्ष एवं
पोखरा समर्पण लायन्स क्लव परिवार

खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को **Spark, Middle East, Star** र **Al Jaber Coin** दुवई र कतारको **Grup-4 Security** कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोनः०६१-५५०२५२, मो. ९८४६०-४१४९२

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर)
९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

जीवन के.सी.



मो. ९८५६०-३८०६६
९८०६६-४०६८५

पञ्चमुखी लक्ष्मी सप्लायर्स

हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८

विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

Study in Japan

Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...

& China
Dalian | Nantong

Free Processing for Master, Bachelor & +2 First Divison Students*

1. SLC मा उतिर्णले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकिने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students

Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

भारतले गरेको नाकाबन्दीको लेडी जेसीजद्वारा विरोध

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ असोज ।

भारतद्वारा लगाइएको अघोषित नाकाबन्दीले जनजीवन अस्तव्यस्त भएको भन्दै पोखरा लेडि जेसीजले चर्को विरोध जनाएको छ । नेपाल जेसिजको आव्हानमा पोखरा लेडि जेसिजद्वारा आयोजना गरीएको भारतीय अघोषित नाकाबन्दी विरुद्धको विरोध कार्यक्रममा आमा समूह, स्थानीय व्यवसायी, मजदुर एवं नागरिक समाजका अगुवाहरुले बन्दको विकल्प खोजेर जनजीवन सहज गराउन माग गरे । नेपाल जेसिजका पूर्व कार्यकारिणी उपाध्यक्ष संगीता पौडेलले नेपाली भएर स्वतन्त्र बाँच्न पाउने अधिकारमाथि कुण्ठित गर्दै भारतद्वारा गरिएको हस्तक्षेप नेपाली जनतालाई स्वीकार्य नहुने बताइन् । पौडेलले बन्द हड्ताल र नाकाबन्दी जस्ता अवाञ्छित गतिविधिले महिला बालबालिका एवं मजदुरहरु सबैभन्दा बढि

पीडित हुनु परेको बताइन् । कार्यक्रममा पश्चिमाञ्चल होटल एशोसिएशन का अध्यक्ष भरत पराजुलीले कहिले भूकम्प,कहिले बन्द हडताल त कहिले भारतको अघोषित नाकाबन्दिले अर्थतन्त्र र दैनिक जीवनयापन कष्टकर भएको भन्दै सरकारले तुरुन्त कुटनीतिक पहलबाट समस्याको समाधान गर्नु पर्नेमा जोड दिए । भारतीय नागरिक सन्तोष गुप्ताले भारतले गरेको नाकाबन्दिले भारतीय मजदुर पनि चर्को मारमा परेको भन्दै भारत सरकारलाई नाकाबन्दी फिर्ता गर्न आग्रह गरे । कार्यक्रममा लेडी जेसिज पोखराकी पूर्व अध्यक्षद्वय बसन्त के.सी, सीता पाण्डे, बालगृह संजालका गोमा ढकाल, नमुना आमा समूहका अध्यक्ष मिठुदेवी अधिकारी, गायत्री फुयाँल, रेनु थापा मगर लगायतले नाकाबन्दीले देशमा पारेको प्रभावले नागरिकको स्वतन्त्र भएर बाँच्न पाउने अधिकारलाई समेत हनन गरेको भन्दै सरकार सम्वेदनशिल भएर नागरिकको अधिकारलाई रक्षा गर्न माग गरेका थिए । नेपाल जेसीजले देश भरका १ सय ४० शाखाहरुमा एउटै समय भारतको अघोषित नाकाबन्दी विरुद्ध विरोध प्रदर्शन गरेका हुन् ।

अटोमोबाइल डिलर्श एशोसिएशनको साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ असोज ।

पश्चिमाञ्चल अटोमोबाइल डिलर्श एशोसिएशन पोखराको दशौं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सो अवसरमा बोल्दै प्रमुख अतिथि नेपाल अटोमोबाइल्स डिलर्स एशोसिएशन (नाडा)का केन्द्रीय अध्यक्ष अञ्जन श्रेष्ठले प्रादेशिक सरकार बन्दा अटोमोबाइल क्षेत्रलाई लगाउने करको दर बढ्न नहुने भनाइ राखे । यातायातको साधनलाई वर्गीकरण गरी अत्यावश्यक साधनलाई करमा छुट दिनुपर्ने उनले बताए । सवारी साधन नेपालमा उत्पादन गर्नका लागि सरकारले प्राथमिकता दिनुपर्ने श्रेष्ठको भनाइ छ । सो अवसरमा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले भारतले लगाएको नाकाबन्दीका कारण इन्धन संकट हुँदा आर्थिक क्षेत्रमा नकारात्मक असर परेको बताए । पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाले बन्द सधैंका लागि बन्द गरिनुपर्ने धारणा राखे । संघले आयोजना गर्ने व्यापार मेलामा अटो व्यवसायलाई प्राथमिकतामा राखिने उनले बताए । लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीले अटो भिलेजका लागि आवश्यक पर्ने जग्गा खोजी गर्न संघले सघाउने बताए ।

नाडाका उपाध्यक्ष ध्रुव थापाले सवारी साधन विलासिताको बस्तु नभइ अत्यावश्यक साधन बनिसकेको बताए । एशोसिएशनका अध्यक्ष माधवप्रसाद पौडेलको सभापतित्व मा आयोजित कार्यक्रममा नाडाका अर्का उपाध्यक्ष शम्भु दाहाल, गण्डकी धौलागिरि सार्वजनिक यातायात समन्वय समितिका अध्यक्ष वसन्त प्रधान, पोखरा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष दीपक श्रेष्ठ, गण्डकी अटोमेकानिकल वर्क्स एशोसिएशनका अध्यक्ष कुलबहादुर नेपाली, पोखरा हार्डवयर एशोसिएसनका अध्यक्ष प्रेम पौडेल, पश्चिमाञ्चल अटोमोबाइल डिलर्श एशोसिएसन पोखराका पूर्व अध्यक्ष तथा सल्लाहकार ईन्द्रबहादुर कुँवर, पूर्व अध्यक्ष शम्भुलाल श्रेष्ठ, महासचिव मोहनबावु खड्का, लायन्सका पूर्व मल्टिपल काउसिन्सल चियरपर्सन प्रेमबहादुर श्रेष्ठलगायतले बोलेका थिए । साधारणसभाको अवसरमा एशोसिएशनद्वारा सञ्चालित मीन अक्षयकोषबाट महेन्द्र उच्च मावि पोखराका विद्यार्थीहरुलाई छात्रवृत्तिका लागि १० हजार रुपैयाँ प्रदान गरिएको अध्यक्ष पौडेलले जानकारी दिए ।

सोही अवसरमा दुई जना ट्राफिक प्रहरीलाई नगदसहित कदरपत्रद्वारा सम्मान गरिएको महासचिव खड्काले बताए । एसएलसीमा उत्तीर्ण हुने साधारण सदस्यका छोराछोरीहरुलाई पनि सो अवसरमा सम्मान गरिएको थियो ।

पोखराका पत्रकार शर्मा पुरस्कृत

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ असोज ।

नेपाल वातावरण पत्रकार समुहले प्रत्येक वर्ष प्रदान गर्ने राष्ट्रिय स्तरको वातावरण पुरस्कारबाट पोखराका पत्रकार शिव शर्मा पुरस्कृत भएका छन् । काठमाडौं आईतबार एक कार्यक्रमका बीच कान्तिपुर दैनिक पोखरा संवाददाता शर्मालाई पुरस्कार प्रदान गरिएको हो । पुरस्कारको राशी २५ हजार रुपैयाँ नगदर सम्मानपत्र रहेको छ । समुहले प्रत्येक वर्ष समूहले प्रत्येक वर्ष विश्व वातावरण दिवस जुन ५ को दिन अघिल्लो वर्षभरि वातावरण र दिगो विकासका विषयमा पत्रपत्रिका, रेडियो तथा टेलिभिजनमा उत्कृष्ट लेख-रचनाहरु प्रकाशित प्रसारित गर्ने पत्रकारमध्येबाट छनौट गरेर यो पुरस्कार प्रदान गर्दछ । नेवापस पूर्व अध्यक्ष, पत्रकार श्री ओम खड्का, वातावरणविद् डा. तीर्थबहादुर श्रेष्ठ र सदस्य अर्जुन ढकाल सम्मिलित छनौट समितिले पुरस्कृत पत्रकार शर्मालाई वातावरणीय विषयको मर्मलाई आत्मसात गरी समसामयिक सन्दर्भमा स्थानीय विश्लेषण गरी आफ्नै पहलमा नियमित रिपोर्टिङ गरेवापत उत्कृष्ट ठहऱ्याई पुरस्कृत गर्न सिफारिस गरेको थियो । केही अघि मात्रै शर्माले विश्व बन्यजन्तु कोषले दिने राष्ट्रिय स्तरक विश्व वन्यजन्तु कोष मिडिया संरक्षण पुरस्कार पाए । पत्रकार शर्माले यस अघि लाटोकोसेरा तथा हुचिल उत्सवको अवसरमा राष्ट्रिय स्तरको प्रकृति संरक्षण पुरस्कार पाइसकेका छन् । अघिल्लो महिना मात्रै ग्रिनफोर्स युवा क्लब सार्दिखोलाले उनलाई संरक्षण पुरस्कार दिएको थियो ।

महोत्सवमा विभिन्न प्रतियोगिता

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ असोज ।

सिटी रेवानको आयोजनामा पोखरामा शुरुभएको चौथो सिटी रेवान दशैं महोत्सव तथा फुड फेष्टिबलमा आइतबारदेखि विभिन्न प्रतियोगिताहरु शुरु भएका छन्। महोत्सवमा एकल महिला नृत्य प्रतियोगिता, रत्यौली गीत प्रतियोगिता, रेवान तारा बाल नृत्य प्रतियोगिता शुरु भएको महासचिव एवं प्रचार संयोजक दिपक तिमिल्सिनाले जानकारी दिए। उनले प्रतियोगिता शुरु भएसँगै महोत्सवमा रौनक थपिने बताए। महोत्सवको आकर्षणमा लोक दोहोरी गित प्रतियोगिता, ढिंडो खाने प्रतियोगिता, पप कन्सर्ट, चर्चित कलाकारको प्रस्तुति, बाल उद्यान र दशै उपभोग्य बस्तुहरुको प्रदर्शनी रहेको छ। असोज २२ गतेदेखि पोखरा रङ्शालामा शुरु भएको महोत्सव कात्तिक २ गतेसम्म चल्ने छ । पर्यटन प्रवर्द्धन, सामाजिक सेवा, उपभोक्ताको हित र लोक संस्कृतिको विकास गर्ने उदेश्यले महोत्सव आयोजना गरिएको हो। महोत्सव झण्डै एक लाख दर्शकले अवलोकन गर्ने आयोजकको अपेक्षा छ। महोत्सव सम्पन्न गर्नका लागि ३७ लाख ८८ हजार खर्च लाग्ने र ४१ लाख ८० हजार आम्दानी हुने अनुमान गरिएको छ। महोत्सवमा व्यवसाय, रेष्टुरेण्ट, सामाजिक सङ्घ/संस्था, सुरक्षा, स्वास्थ्यका स्ट्रलहरु रहेका छन्।

वात्स्यायन वृद्धाश्रमको दोस्रो अधिवेशन, अध्यक्षमा कार्की

गोल्डेन न्यूज संवाददाता
पोखरा २४असोज ।

पोखरा उपहानगरपालिका वडा नं. १८ को बाच्छेबुडुवामा रहेको बात्स्यान वृद्धाश्रमको आइतवार भएको तेस्रो साधारण सभा तथा दोस्रो अधिवेशनले बोधराज कार्कीको अध्यक्षतामा नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्क्षमा रेशम जि.सी., सचिवमा ललितबहादुर बानियाँ, सह सचिवमा दीपेन्द्र के.सी., कोषाध्यक्षमा शिवप्रसाद पोखरेल, सह-कोषाध्यक्षमा मोतीमाया अधिकारी चयन भएका छन् भने सदस्यहरुमा लालबहादुर गुरुङ, मिठु कार्की, तारा कार्की, इन्द्रप्रसाद दाहाल, उद्धव कार्की, टिकाराम थापा र पदेन सदस्यमा वडा नं. १८ का वडा सचिव अर्जुनप्रसाद पौडेल रहेका छन् । कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ कार्टुनिष्ट दुर्गा बराल बात्सायन रहेका थिए । प्रमुख अतिथिको मन्तव्य दिंदै बरालले बात्स्यान वृद्धाश्रममा वात्स्यान ऋषिको मूर्ति बनाउने तथा वृद्धाश्रममा रहेको पोखरीमा बाच्छाको मूर्ति बनाउन विशेष सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । साथै प्रमुख अतिथि बरालले वृद्धाश्रम सञ्चालनका लागि नगद १० हजार ५ सय रुपैयाँ समेत सहयोग गरे । कार्यक्रममा विशेष अतिथिहरु राप्रपा कास्की जिल्ला अध्यक्ष जे.वी. कुँवर, समाजसेवी गणेशबहादुर श्रेष्ठ, समाजसेवी भक्तराज श्रेष्ठ, नेपाली काँग्रेस इकाई १८ का इकाई सभापति बोधराज कार्की, नेकपा एमालेका अध्यक्ष माओ थापा, ऐमाओवादीका अध्यक्ष खड्क वि.क., राप्रपा अध्यक्ष लालबहादुर गुरुङ, महिला समन्वय समिति १८ की अध्यक्षइन्द्रामाया बानियाँ, टोल सुधार समन्वय समितिका १८ का अध्यक्ष तोरण खड्का, समाजसेवी रोमबहादुर कार्की, समाजसेवी जगन्नाथ तिमिल्सिना, बोरिङ खानेपानी उपभोक्ता समिति १८ का अध्यक्ष शिवप्रसाद पोखरेल, सेट फ्रान्सीका फादर, मनोहर युवा क्लबका अध्यक्ष रामजी जि.सी., शिवालय मन्दिरका अध्यक्ष टिकाराम थापा, कालीबहादुर थापा, पण्डित युवराज वाग्ले लगायतले बोलेका थिए । कार्यक्रममा वृद्धाश्रममा विशेष सहयोग गर्ने वृद्धाश्रममा बसोबास गर्ने सिता वाग्ले र सेन्ट फ्रान्सीस स्कूललाई प्रमुख अतिथि बरालले प्रमाणपत्र र दोसल्ला ओढाई सम्मान गरेका थिए । वृद्धाश्रमका अध्यक्ष गोकर्ण कार्कीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव रेशम जि.सी. र स्वागत मन्तव्य उपाध्यक्ष बोधराज कार्कीले गरेका थिए । संस्थाका अध्यक्ष गोकर्ण कार्की, सचिव रेशम जि.सी. र कोषाध्यक्ष ललितबहादुर बानियाँको प्रतिवेदन सर्वसम्मत पारित भएको थियो ।

ट्रेड युनियन कांग्रेसको तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ असोज ।

नेपाली कांग्रेसनिकट नेपाल ट्रेड युनियन कांग्रेस पश्चिमाञ्चल क्षेत्रीय समितिको आयोजनामा भएको व्यवसायिक सुरक्षा तथा स्वास्थ्य सम्बन्धी दुई दिने क्षेत्रीयस्तरको तालिम आइतबार सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) तथा ट्रेड युनियन कांग्रेस केन्द्रीय कार्यसमितिको आयोजनामा शनिबारदेखि सुरु तालिमको समापन केन्द्रीय सहकोषाध्यक्ष जनार्दन निरौलाले गरे ।

तालिमको समापन गर्दै निरौलाले श्रम ऐनसँग सामाजिक सुरक्षालाई प्राथमिकता दिइनुपर्ने बताए । रोजगारदाताले सामाजिक सुरक्षाको विषयलाई बेवास्ता गर्ने गरेको बताउँदै जुनसुकै सरकार भएपनि श्रम ऐनको कार्यान्वयन का लागि संघर्षरत रहनुपर्नेमा जोड दिए । सो अवसरमा नेपाल आदिवासी जनजाति संघ कास्कीका अध्यक्ष जीतबहादुर गुरुङ, तालिमका सहभागीहरूको तर्फबाट उषा राना, टेकनाथ पन्थीलगायतले बोलेका थिए । तालिममा पश्चिमाञ्चल विकास क्षेत्रका १४ जिल्लाका ३५ जना सहभागी थिए भने केशव भट्टराईले प्रशिक्षण दिएका थिए । क्षेत्रीय अध्यक्ष मुरारी शर्माको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव मधुकर काफ्लेले गरेका थिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेगाहर्ज सुन्न
Log on : www.goldennews.com.np

शुभ सिद्धार्थको साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ असोज ।

शुभ सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि., पोखरा ८, कास्कीको आठौं साधारणसभा सम्पन्न भएको छ । संस्थाका अध्यक्ष श्यामकृष्ण श्रेष्ठको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रम सल्लाकारद्वय दिपक श्रेष्ठ, मिन कुमार श्रेष्ठ र अध्यक्ष श्यामकृष्ण श्रेष्ठले संयुक्त रुपमा गरेका थिए । कार्यक्रममा सहकारीका सचिव विनोद प्रसाद श्रेष्ठले संचालन गरेका थिए भने स्वागत मन्तव्य संस्थाका उपाध्यक्ष दिलिप कुमार श्रेष्ठले गरेका थिए । संस्थाको वार्षिक प्रगति प्रतिवेदन अध्यक्ष श्यामकृष्ण श्रेष्ठले, आर्थिक प्रतिवेदन कोषाध्यक्ष रामनारायण श्रेष्ठले र लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन का.वा. संयोजक सोमत लिगलले प्रस्तुत गरेका थिए । उक्त प्रतिवेदनहरु उपर शेयरसदस्यहरु विच छलफल गरी सर्वसम्मत रुपमा पारित गरिएको थियो । कार्यक्रममा शुभकामना मन्तव्य सिद्धार्थ क्लवका प्रथम उपाध्यक्ष रवि मर्सानी, सल्लाहकार दिपक श्रेष्ठ, शेयरधनी सदस्य मदन कुमार मुल्मीले ब्यक्त गरेका थिए ।

नमुना टोल सुधार समितिमा उप्रेती

पोखरा २४ असोज ।

नमुना टोल सुधार समितिको पाँचौं अधिवेशन सम्पन्न भएको छ । कार्यक्रममा प्रमुख क्यूपेक नेपाल ट्रेड युनियन महासंघ जिफण्ट राष्ट्रिय कमिटी सदस्य एवं क्यूपेक नेपाल केन्द्रीय प्रतिनिधि परिषद् तथा नेकपा एमाले क्षेत्र नं.३ का सल्लाहकार चन्द्र प्रसाद गुरुङ्ग र नेकपा एमाले वडा कमिटी १७ का अध्यक्ष सुवास ढुङ्गानाले सुकुम्बासीको समस्या हल गर्न राज्य नै जिम्मेवार हुने बताए । कार्यक्रममा सल्लाहकार धनजित गुरुङ्ग, नुर कुमारी काफ्ले, धनजित गुरुङ्ग लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको संचालन पुण्य प्रसाद उप्रेतिले गरेका थिए । अधिवेशनले पुण्य प्रसाद उप्रेतीको अध्यक्षतामा आगामी २ वर्षका लागि नयाँ कार्यसमिति चयन गरेको छ । जसको उपाध्यक्षमा रेख बहादुर गर्मछाने मगर, सचिवमा भेल बहादुर गुरुङ्ग, सहसचिवमा दुत प्रसाद गुरुङ्ग, कोषाध्यक्षमा उम बहादुर गुरुङ्ग र सदस्यहरुमा लोक बहादुर सेन, दलमाया गुरुङ्ग, ज्योति हमाल, धन बहादुर तामाङ्ग, शिव मल्ल, विष्णुमाण हमाल, शान्ति थामी र संगीता विक तथा सल्लाहकारमा दानबहादुर शाही र धनजित गुरुङ्ग रहेका छन् ।

समर्पण सहकारीको छैटौं वार्षिक साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा २४ असोज ।

समर्पण बचत तथा ऋण सहकारी संस्थाको छैटौं वार्षिक साधारण सभा सम्पन्न भएको छ । सहकारी संस्थाकी अध्यक्ष अर्जना प्रधानको अध्यक्षतामा सम्पन्न साधारण सभामा अध्यक्ष अर्जना प्रधानद्वारा प्रस्तुत संस्थाको आ.व.०७१/०७२ को वार्षिक प्रतिवेदन र आ.व.०७२/०७३ को कार्ययोजना एवं बजेट सर्वसम्मत पारित गरेको थियो । संस्थाका कोषाध्यक्ष कल्याणी श्रेष्ठद्वारा प्रस्तुत संस्था आ.व. ०७१/०७२ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसावलाई पनि आवश्यक छलफल गरी साधारण सभाले सर्वसम्मतिले पारित गरेको थियो । साथै संस्थाको लेखा समितिले संयोजक शान्ता श्रेष्ठद्वारा प्रस्तुत लेखापरीक्षण प्रतिवेदन पनि पारित गरेको थियो । साधारण सभामा शेयर सदस्यहरुमध्ये उत्कृष्ट खुत्रुके वचतकर्ताको रुपमा जया बाँस्तोला, उत्कृष्ट आवधिक बचतकर्ताको रुपमा मिठाईदेवी थैव तथा उत्कृष्ट ऋणिको रुपमा शान्ति पौडेललाई संस्थाका सल्लाहकरहरु महेश पराजुली तथा तारा काफ्लेले पुरस्कार वितरण गरेका थिए । उक्त अवसरमा बोल्दै संस्थाका सल्लाहकार महेश पराजुलीले सहकारी संस्थाले ६ वर्षमा गरेको प्रगतिको उच्च मूल्यांकन सहित शेयर सदस्यहरु लाई उच्च प्रतिफल वितरण गरी सहकारीका सात सिद्धान्तलाई परिपालन गर्न सफल भएको बताए । सल्लाहकार तारा काफ्लेले महिलाहरु मात्र शेयर सदस्य भएको यस सहकारी संस्थाले छोटो समयमा गरेको प्रगतिको सराहना गर्दै शेयर सदस्यहरुलाई आफूले गर्ने सम्पूर्ण कारोवार आफ्नै सहकारी संस्था मार्फत गर्नुपर्ने विचार व्यक्त गरेका थिए । सहकारी संस्थाका सचिव बेलकुमारी पराजुलीले सञ्चालन गरेको साधारण सभामा स्वागत मन्तव्य संस्थाका उपाध्यक्ष हिरा बाँस्तोला, सहकारीका सात सिद्धान्त पाठ कार्यसमितिका सदस्य विन्दु श्रेष्ठ एवम् धन्यवाद ज्ञापन कार्यसमिति सदस्य शान्ति श्रेष्ठले गरेकी थिइन । कार्यक्रममा संस्थाका शेयर सदस्यहरुलाई वरिष्ठ सल्लाहकार योगेन्द्र प्रधानले शेयर प्रमाणपत्र प्रदान गरेका थिए ।

मेगा मोडलका प्रतिस्पर्धीलाई विविध जानकारी

पोखरा २३ असोज ।

आर् ईभेन्टस ट्रेनर नेपालले गर्न लागेको ट्रिनिटी मेगा मोडल पोखराका प्रतिस्पर्धीहरुलाई वैदेशिक अध्ययन तथा तयारीका बारेमा जानकारी दिइएको छ । उनीहरुलाई पोखराको बाँस्तोलाथर स्थित ट्रिनिटी एजुकेशन फाउण्डेशनको भ्रमण गराएर त्यस विषयमा जानकारी दिइएको हो ।

उनीहरुलाई फाउण्डेशनका डाइरेक्टर डि.वि गुरुङले अमेरिका, बेलायत, अष्ट्रेलिया, जापान लगायतका देशमा गएर अध्ययन गर्न पुरा गर्नु पर्ने आवश्यक प्रक्रियाका बारेमा जानकारी दिएका थिए । यसपटक ट्रिनिटी एजुकेशन फाउण्डेशनले नै टाइटर प्रायोजन गर्ने सहमति समेत भैसकेको छ। मेगा मोडल पोखराको दोस्रो सस्करण असोज ३० गते पोखरा नयाँबजारस्थित दरबारथोक बैक्युटमा हुदैछ । फाइनलमा २० जनाले प्रतिस्पर्धा गर्ने कार्यक्रम संयोजक रवीन गुरुङले जानकारी दिए ।

वविन टेलरिङ एण्ड सर्टिङ-सुटिङ

विगत १७ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ-सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ-सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।

हाम्रो बाबाले सधैँ बबिन टेलरिङमा सिलाउनुहुन्छ

BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

STUDY IN JAPAN
January/April intake 2016

- High Visa Success rate
- NAT/JLPT Optional
- Audio/ Video को माध्यमबाट पढाइ
- College/ City of your Choice
- Free language / Documentation
- हप्ताको 28 घण्टा काम कलेजले नै खोजिदिने
- Gap भएकाले पनि Apply गर्न मिल्ने
- जापानमा आफ्नै Hostel र अफिस भएको

कक्षाहरू धमाधम संचालन भइरहेको छ । तुरुन्त सम्पर्क

पोखरा अफिस : JLCC Japanese Language & Culture Center
Chipledhunga, Pokhara (सिटी सेन्टरको ठीक अगाडि)
Ph.:061-535738,9846042399,9803832009

जापान अफिस: Global food trading Co.Ltd.
Ohashi Minami-ko fukuoka-shi, fukuoka, Japan Tel-81922113668

हार्दिक बधाई एवं शुभकामना

श्री जीवन दाहाल

लायन्स क्लव अफ पोखरा पिस सिटीका कल्चर डाइरेक्टर लायन जीवन दाहालज्यू राष्ट्रिय खेलकूद परिषद् अन्तर्गत कास्की जिल्ला खेलकूद विकास समितिको सदस्य पदमा मनोनित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँ लगायत समितिका सम्पूर्ण पदाधिकारी एवं सदस्यहरुको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

लायन्स क्लव अफ पोखरा पिस सिटी परिवार

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा